जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १८७ २०८० साल फागुन १४ गते सोमबार (26 Feb. 2024 Monday) मूल्य रु. ५/-

**सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : भारतीय वरिष्ठ अर्थोसर्जन शर्मा.. ३ पृष्ठमा : सहकारीपीडितको समस्या ... ३ पृष्ठमा :इजरायलद्वारा युद्धविराम ...

# देशैभर ५७ लाख भन्दा बढी बालबालिकालाई खोप लगाइदै

## सप्तरीमा १ लाख ८७ हजार ८ सय ९२ जनालाई खोप लगाइने लक्ष्य

**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

सरकारले आइतबारदेखी देशै भरिका १५ वर्ष मुनीका बालबालिकालाई दादुरा-रुबेला रोग विरुद्धको खोप लगाउने अभियान सुरु गरेको छ । अभियान अन्तरगत सप्तरीमा एक लाख ८७ हजार भन्दा बढी बालबालिकालाई उक्त खोप दिईने लक्ष्य रहेको छ ।

राजविराजस्थित श्री केशोवत्ती अनिरुद्ध माध्यमिक विद्यालयमा आयोजित एक कार्यक्रमबीच जिल्लाष्टि खोप समन्वय समितिका अध्यक्ष शिव नारायण साह र प्रमुख जिल्ला अधिकारी किरण थापाले संयुक्त रुपमा अभियानको ब्यानर बाचन गरेर उद्घाटन गरे ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी थापाले खोपले विभिन्न रोगबाट लड्न शक्ती प्रदान गर्नुका साथै समाजमा रहेका विभिन्नखाले विकृति विरुद्ध लड्ने क्षमता पनि प्रदान गर्ने भन्दै उनले सबै बालबालिकालाई निर्धक्क भई खोप लगाउन आग्रह गरे ।

एक लाख ८७ हजार ८ सय ९२ जना बालबालिकालाई खोप दिने लक्ष्यका साथ सुरु भएको अभियान तीन चरणमा गरी चैत्त २ गते सम्म चल्ने छ । अभियान जिल्लाको सबै १८ वटै पालिकामा संचालन हुनेछ । यसका लागी जिल्लाभर ८ सय ८ खोप केन्द्र स्थापना गरिएको छ भने १ हजार ६ सय १६ स्वास्थ्यकर्मी तथा २ हजार ४ सय ३२ स्वयसेवक परिचालन गरिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले जानकारी दिए ।

उनका अनुसार पहिलो चरणमा सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका र तिलाठी कोईलाडी गाउँपालिकामा फागुन १३ गतेदेखि फागुन १७ सम्म अभियान संचालन हुनेछ । दोश्रो चरणमा फागुन २० गते देखि फागुन २४ सम्म डाक्नेश्वरी नगरपालिका, बोदे बर्साईन नगरपालिका, छिन्नमस्ता गाउँपालिका, बलान विहुल गाउँपालिका र विष्णुपुर गाउँपालिकामा अभियान चल्ने छ । यस्तै तेश्रो चरणमा



जिल्लाको सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, राजविराज नगरपालिका र अग्नीसाईर कृष्णासवरण गाउँपालिकामा फागुन २७ गते देखी चैत २ सम्म अभियान चल्ने छ ।

स्वास्थ्य संस्था तथा विद्यालयहरुमा खोप केन्द्र कायम गरी तालिम प्राप्त स्वास्यकर्मी मार्फत खोप लगाउने व्यवस्था मिलाइएको तथा ९ महिना देखी १५ वर्ष उमेर समुहका बालबालिकालाई लक्षित गरी तीन चरणमा अभियान चल्ने जिल्ला स्थास्थ्य कार्यालयका प्रमुख झाको भनाई छ । दादुरा रुबेला रोगबाट संक्रमित एक जना व्यक्तीले १८ जना सम्मलाई संक्रमित बनाउन सक्ने भन्दै खोपको पुर्ण मात्रा लगाएर सबैलाई सुरक्षित बनाउने उद्देश्यले अभियान चलाइएको र यसमा सबैको साथ र सहयोग आवश्यक उनले बताए ।

उद्घाटन समारोहमा विश्व स्वास्थ्य सगठन नेपालका प्रतिनिधी दिल बहादुर शाही, प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य, जनस्वास्थ्य अधिकृत हिरेन्द्र प्रसाद साह, प्रधानाध्यापक योगेन्द्र यादव, नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद् सदस्य मनोज कुमार माझी लगायतको पनि उपस्थिती रहेको थियो ।

मधेश प्रदेशको ८ जिल्ला मध्ये सप्तरी, बारा, सिरहा, रौतहट र पर्सामा गत वर्ष दादुरा रुबेला रोग शुन्यमा झरेको देखिए पनि सर्लाही, महोत्तरी र धनुषमा भने फाटफुट रुपमा यो रोग देखिएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

खोप भारतसँग सीमा जोडिएका दादुरा-रुवेलाको अति सङ्क्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकाका तीन जिल्ला गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाइने छ । यस्तै ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप लगाइने छ । खोप बिहान १० बजदेखि दिउँसो ४ बजेसम्म बालबालिकालाई विद्यालय तथा खोप केन्द्रमा खोप लगाइने छ ।

स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार नौ महिनादेखि पाँच वर्षमुनिका २१ लाख ३० हजार ६८३ बालबालिका र पाँच वर्षदेखि १५ वर्षमुनिका ३६ लाख १२ हजार ३१० बालबालिका गरी कूल ५७ लाख ४२ हजार ९९३ बालबालिकालाई खोप लगाइने छ ।

खोप अभियानका लागि देशभरि ४८ हजार ७९८ खोप केन्द्र रहेका छन । यस्तै ४९ हजार ९३७ जना स्वास्थ्यकर्मी र ५९ हजार ९०६ जना स्वयम्सेवक परिचालन गरिने छ । उहाँले खोप सुरक्षित र प्रभावकारी रहेकाले सबैले आआफ्नो बालबालिकालाई खोप लगाउन भन्दै उहाँले खोपले ८५ प्रतिशतलाई दादुरा रुवेला रोगसँग लड्ने क्षमता विकास गर्ने बताए ।

उनले खोप लगाएपछि बच्चालाई ज्वरो आउने, रुघाखोकी आउनेजस्ता समस्या देखिए पनि आत्तिनुपर्ने अवस्था नरहेको बताउनुभयो । उहाँले खोप लगाएपछि बच्चामा समस्या हुने भएको जिल्लास्तरमा आकस्मिक उपचारको टोली गठन गरिएको बताए ।

खोप अभियानकै क्रममा नियमित छुटेका खोप पनि बालबालिकालाई लगाइने उनको भनाइ रहेको छ । खोप अभियानमा सात वटा रोगविरुद्धको खोप पनि सँगै सञ्चालन हुनेछन् । खोप शाखाका प्रमुख डा गौतमले हेपाटाइटिस बी, धनुष्टाङ्कार, इन्फ्युन्जा, लहरेखोकी, भ्यागुते रोग, निमोनिया र पोलियोविरुद्धको खोप पनि सञ्चालन हुने बताए । ती खोप लगाउन छुटेका नौ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई लगाइने उनले बताए ।

सरकारले सन् २०१८ मा दादुरा रुवेलालाई नियन्त्रण गरे पनि निवारण गर्न सकेको छैन । सन् २०२६ सम्म दादुरा-रुवेला निवारण गर्ने लक्ष्यका यसपटक सरकारले खोप अभियान सञ्चालन गर्न थालेको हो ।

# आइफोन र मोबाइलसहित युवक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १३ फागुन ।**

भारतबाट अवैध रुपमा भन्सार छलेर नेपाल ल्याउँदै गरेको आइफोन र मोवाइलसहित एक युवकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ५ बस्ने १९ वर्षिय उमर फारुक आलम छन् । सशस्त्र प्रहरी बल नेपाल वि.ओ.पी. बेल्ही सप्तरीबाट खटिएको टोलिले जिल्लाको बलानबिहुल गाउपालिका ४ बोर्डर ईलाकास्थित भारतबाट मोटरसाइकलमा सवार आलमका साथबाट चेकजाच गर्दा आइफोन र मोवाइल बरामद गरेको हो ।

आलमले वोकेको झोलामा चार थान विभिन्न मोडेलका आइफोन, एक थान सामसुङ मोबाइल र मोटरसाइकल सवारसहित अन्दाजी ४ लाख २० हजार मुल्य बराबरको सामान बरामद गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

बरामद सामान र त्रफाउ परेको आलमलाई नियन्त्रणमा लिइ आवश्यक कारवाहीका लागि आइतवार राजबिराज भन्सार कार्यालय बेल्ही सप्तरीमा बुझाइएको जनाएको छ ।

## भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछः

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेशाज्ञा(Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार
विज्ञापन बोर्ड

# चार अस्पतालको फोहर संकलनमा महानगरको रोक

काठमाडौं, १३ फागुन (रासस)।

काठमाडौं महानगरपालिकाले अर्को व्यवस्था नभएसम्मका लागि आइतबारदेखि चारवटा अस्पतालको फोहर सङ्कलन नगर्ने भएको छ।

महानगरले कलङ्की क्षेत्रमा सहिद मेमोरियल अस्पताल, नेपाल नेशनल अस्पताल, चावहिलका दीर्घायु गुरु अस्पताल र ओम अस्पतालको फोहर सङ्कलनमा रोक लगाइएको ल्याण्डफिल साइट इन्चार्ज इन्जिनियर सरकारदीप श्रेष्ठले राससलाई जानकारी दिनुभयो।

कामपाको वातावरण व्यवस्थापन विभागले गरेको स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन अनुगमनको क्रममा ती अस्पतालको फोहर व्यवस्थापन प्रचलित ऐनबमोजिम नभएको भन्दै मा रोक लगाएको हो। यसअघि पनि कामपाले कान्ति बाल अस्पतालको फोहर सङ्कलनमा रोक लगाएको थियो।

फोहर सङ्कलनमा रोक लगाइएका अस्पतालहरुलाई सङ्क्रमित फोहर निःसङ्क्रमण गर्ने योजना, अस्पताल दर्ता तथा सञ्चालन गर्ने क्रममा फोहरमैला व्यवस्थापनका लागि गरिएका प्रतिबद्धतासँग सम्बन्धित कागजपत्र, अहिले फोहर व्यवस्थापनका लागि सहकार्य गरिएका सङ्घसंस्थाहरुको विवरण लिएर तीन दिनभित्र महानगरपालिकाको वातावरण व्यवस्थापन विभागमा उपस्थित हुन निर्देशन दिइएको छ।

"ल्याण्डफिल साइटमा मानव स्वास्थ्यका निम्ति हानीकारक फोहर नपुगोस् भनेर हामीले अनुगमन गरेका हौं। अनुगमनका क्रममा फोहर व्यवस्थापन अभ्यास हेर्दा फरक अवस्था देखिएको छ," श्रेष्ठले भन्नुभयो, "सङ्क्रमित फोहरको व्यवस्थापन उत्पादक आफैंको हुन्छ। अस्पतालहरुको अवस्था हेर्दा सबैको एकै किसिमको गल्ती छैन, कसैले तत्काल सुधार गर्न सक्ने देखिन्छ। कुनै अस्पतालको फोहर व्यवस्थापनका लागि पूर्वाधार र संयन्त्र नै बनाउनु पर्ने देखिएको छ। यसका आधारमा रोकिएको फोहरको सम्बन्धमा निर्णय गरिनेछ।'

फोहर व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कामपाले विगत दुई हप्तादेखी अस्पतालजन्य फोहरको नियमित अनुगमन र आवश्यक निर्देशन दिदैं आएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र त्यसको सेवा शुल्क निर्धारण र नियमन गर्ने अधिकार दिएको छ। साथै स्वास्थ्य संस्थाहरुले चिकित्साजन्य फोहरको उचित व्यवस्थापन नगरे त्यस्ता संस्थाहरुलाई दण्ड गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिएको छ।

# भारतीय वरिष्ठ अर्थोसर्जन शर्मा भन्नुहुन्छ- हाडजोर्नीको उपचार सरल हुँदैछ

एकराज पाठक

काठमाडौं, १२ फागुन (रासस)।

भारतीय अर्थोपेडिक एसोसिएसनका अध्यक्ष तथा वरिष्ठ अर्थोपेडिक सर्जन प्रा डा राजीव के शर्माले हाडजोर्नीसम्बन्धी रोगको उपचार अब सरल एवं सामान्य हुँदै गएको बताउनुभएको छ।

नयाँ दिल्लीस्थित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस् (एम्स), एपोलो हस्पिटल नयाँ दिल्लीलगायतमा हाडजोर्नीसम्बन्धी फ्याकल्टी तथा सर्जनका रुपमा समेत काम गरिसक्नुभएका प्रा डा शर्मा अर्थोपेडिक सर्जनहरुको एक 'कन्फ्रेन्स्' का लागि हालै काठमाडौं आएका बेला हामीले यस विषयमा जिज्ञासा राखेका थियौं।

कुराकानीकाक्रममा उहाँले भन्नुभयो, "मानवीय हाडजोर्नी तथा हड्डीसम्बन्धी रोगको उपचार अब पहिलेजस्तो जटिल छैन, सामान्य हुँदै गएको छ। अहिले शरीरका हाडजोर्नी, घुँडाको अत्याधुनिक मेडिकल प्रविधि प्रयोग गरेर सफल प्रत्यारोपण (ट्रान्सप्लान्ट) गर्न या फेर्न (रिप्लेस्मेन्ट) सकिन्छ। मेडिकल अनुसन्धान तथा प्रविधिले धेरै कुरा सफल र सम्भव तुल्याइदिएको छ।

ज्वाइन्ट रिप्लेस्मेन्ट सर्जन डा शर्माले केही वर्षअघि ९४ वर्षीय वृद्धको हिप प्रत्यारोपण गरेको प्रसङ्ग सुनाउँदै भन्नुभयो, "बालबालिका र यो उमेरका वृद्धवृद्धामा पनि ज्वाइन्ट रिप्लेस्मेन्ट हामीले गरिरहेका छौं, हामी सफल भइरहेका छौं, जटिलता देखिएको छैन। पहिला त यो उमेरका बिरामीमा प्रत्यारोपण गरौं कि नगरौं भन्ने पनि भयो। बिरामीको पनि गरिदिए हुन्थ्यो भन्ने चाहना थियो। मैले नै 'रिप्लेस्मेन्ट' गरें, सफल पनि भयो। वर्षौंसम्म आफैंले फलोअप गरें। 'रिप्लेस' गरिएको अङ्गमा कुनै समस्या आएन, ठीक रहनुभयो। म पनि निकै खुसी भएँ।"

पहिले यस्ता समस्याहरु शल्यक्रिया गरेर निको पार्ने प्रयास गरिन्थ्यो। त्योभन्दा अहिलेको यो रिप्लेस्मेन्ट या प्रत्यारोपण 'एड्भान्स' हुँदै गयो, यो ठीक भएको छ। उहाँको आशय थियो अहिले बालबालिकादेखि वृद्धवृद्धाहरुसम्म पनि जोर्नी प्रत्यारोपण सम्भव मात्र होइन सामान्य हुँदै गएको छ। मानिसहरु प्रत्यारोपणका लागि तयार भए भने मेडिकल प्रविधि चुस्त दुरुस्त छ। मात्र चिकित्सकको दक्ष हात चाहिन्छ।

तर मानिसहरु अझै पनि अङ्ग प्रत्यारोपण गर्ने काममा आशङ्का गर्ने गरेको आफूले पाएको उहाँको भनाइ छ। "मानिसहरु अहिले पनि प्रत्यारोपण गर्ने अर्थात् कुनै पनि अङ्ग फेर्ने काम सफल हुँदैन कि भन्ने सोच्ने गर्दछन्। त्यसैले उनीहरु सुरुमा त तयार पनि हुँदैनन्", प्रा डा शर्मा भन्नुहुन्छ, "अङ्गको प्रत्यारोपणपछि सङ्क्रमण हुन्छ या जटिलता उत्पन्न हुन्छ भन्ने मानिसहरु बताउने गर्दछन्। तर त्यसो नभएर अहिले यस क्षेत्रमा धेरै सफलता प्राप्त भइरहेको छ। त्यसप्रति आमनागरिकमा सचेतनाको आवश्यकता मैले देखेको छु।"

त्यस्तै दुखाइ बढी हुने, यसरी प्रत्यारोपण गरिएको अङ्गको दिगोपना कम हुने अर्थात् पटक-पटक प्रत्यारोपण गर्नुपर्ने अवस्था पनि आउनसक्ने तर्क गर्ने गरेका कारण मानिसहरु जोर्नी प्रत्यारोपणका लागि तयार नहुने गरेको आफूले पाएको उहाँको भनाइ छ। पछिल्लो समयमा निकै 'एड्भान्स' प्रविधि आएकाले ती प्रविधिको प्रयोग गरेर कुनै पनि दक्ष चिकित्सकले नदुखाई र सफलरुपमै जोर्नी प्रत्यारोपण गर्न सक्ने उहाँ बताउनुहुन्छ। हाल मुलचन्द हस्पिटल नयाँ दिल्लीमा ज्वाइन्ट रिप्लेस्मेन्ट विज्ञका रुपमा कार्यरत उहाँले आफूसँग हाडजोर्नीसम्बन्धी समस्या लिएर आउने कुनै पनि बिरामी निको नभई नफर्कने दाबी गर्नुहुन्छ।

जोर्नी प्रत्यारोपण गरिएका बिरामीलाई आफूले २० वर्षसम्म नै 'फलो' गरेको र उनीहरुमा कुनै समस्या नदेखिएको पनि उहाँको भनाइ छ।

सुनिन्छ, हिजोआज मानिसका हाड कमजोर हुँदै गएका छन्। सानातिना ठाउँबाट सामान्य लड्दा पनि हाड भाँचिने गरेको सुनिन्छ, यस्तो किन हुन्छ ? हाम्रो प्रश्नमा उहाँको उत्तर छ "मानिसहरु दिनप्रतिदिन आफैंले आफ्ना हाड कमजोर बनाइरहेका छन्।"

कसरी ? उहाँ भन्नुहुन्छ, "पहिलो कुरा त खानपिन नै हो। मानिसमा पछिल्लो समय मीठो अर्थात् स्वादिलोमात्र खान खोज्ने र सुख अर्थात आरामदायी जीवनको खोजीका कारण उसको शरीर नै रोगको घर बनिरहेको छ। हाड र जोर्नीमा पनि यो लागू भैहाल्छ। मानिसको आफ्नै आनिबानी र खानपिनले हड्डी कमजोर हुँदै गएको देखेका छौं। पछिल्लो समय यो अवस्था झन् बढ्दो छ।"

धेरै खाना र बजारीया अस्वस्थकर खाना (जङ्क फुड तथा फास्ट फुड) ले शरीरमा धेरै प्रकारका रोग भित्र्याएपछि त्यसले पनि हाडलाई कमजोर पारेको उहाँको भनाइ छ। मानिसमा पछिल्लो समय बढ्दो मोटोपनाले पनि हाडलाई कमजोर बनाएको र हाडजोर्नीमा समस्या देखिने गरेको उहाँ बताउनुहुन्छ। शरीरमा बढ्दो मासुको भार पनि हाडले नै बोक्नु परेको छ। मोटोपनको भार शरीरको हाडमा परेको छ र यसले पनि हाड कमजोर बनाउँदै गएको छ। जस्तो कि शरीरमा अत्यधिक मोटोपन छ भने शरीरको त्यो वजनको भार घुँडाले धान्नुपर्दछ। यसले शरीरको भार बढाइरहेको छ र हाडलाई कमजोर बनाइरहेको छ।

शर्मा भन्नुहुन्छ, "मानिसमा शारीरिक व्यायामको कमी हुँदै गएको छ र 'टेबल वर्क कल्चर' बढ्दो छ। यसरी मानिसको शरीरका हाडहरु खुम्चिएर रहनुपरिरहेको अवस्था छ। शरीर चलायमान हुन सकेन र हाडलाई आवश्यक अभ्यास पुगेन। यसकारण पनि हाड कमजोर बन्दै गएको छ। त्यसैगरी आवश्यक पोषण एवं क्याल्सियमको कमीले पनि मानिसका हड्डी कमजोर बनाएको छ। अनि मानिसहरु व्यस्तताका कारण घाममा बस्न छोडिसकेका छन्। यी सब भारतका मात्र नभएर नेपाल तथा समग्र दक्षिण एसियाकै साझा समस्यामा पर्दछन्। यस्तै कारणले नै मानिसको शरीर र शरीरसँगै उसका हड्डी र जोर्नीहरु कमजोर बन्दै गएका छन्।

उहाँका अनुसार धुमपान हाड कमजोर पार्ने अर्को प्रमुख कारण बनेको छ। त्यसैगरी पछिल्लो समय व्यायामशाला जाने प्रचलन जुन सुरु भएको छ, यो पनि हाडजोर्नीका लागि स्वस्थकर नभएको उहाँको भनाइ छ। "शरीरको हाड र जोर्नीका लागि सबैभन्दा राम्रो व्यायाम त 'साइक्लिङ' र 'स्वीमिङ' हो, यो 'जिम कल्चर' पनि त्यति राम्रो होइन", उहाँले भन्नुभयो।

हाडजोर्नीसम्बन्धी रोगको निदानका उपाय के होलान् त ? उहाँको सुझाव छ, "सरकारहरुले हाडजोर्नीसम्बन्धी रोगको उपचारलाई सबै सर्वसाधारणको पहुँचसम्म पुग्नेगरी विस्तार गर्नुपर्छ। नागरिकको स्वास्थ्य बीमामार्फत कार्डको व्यवस्था गर्नु राम्रो हुन्छ। भारतमा वर्षमा निश्चित रकमको उपचार कार्ड नागरिकलाई दिइएको छ। नेपाललगायतका देशका सरकारले पनि यस्तो व्यवस्था गर्न सक्छन्। योभन्दा पनि महत्वपूर्ण त शिक्षा हो। शिक्षाका माध्यमबाट हाडजोर्नीसम्बन्धी रोग निदानको नीति अख्तियार गर्न सकिन्छ। यससम्बन्धी शिक्षा र पछिल्लो समयमा विकसित प्रविधि र उपचार विधिका विषयमा तालिमलगायतका कार्यक्रममा लगानी गरेर दक्ष जनशक्ति उत्पादन गर्नु आवश्यक छ। हाडजोर्नीसम्बन्धी रोग र यसबारे नागरिकमा आवश्यक चेतना जागृत गराउनु पनि आवश्यक छ।"

भारतका एक प्रतिष्ठित चिकित्सकका छोरा डा शर्मा अर्थोको एम एस अध्ययनमा स्वर्णपदक प्राप्त हुनुहुन्छ। अर्थोपेडिक क्षेत्रमा ३२ वर्षको अनुभव सङ्गाल्नुभएका उहाँले अहिलेसम्म १५ हजारभन्दा बढी जोर्नी प्रत्यारोपण गरिसक्नुभएको छ। उहाँ उत्तरी भारतमा घुँडाको 'कम्प्युटर नेभिगेटेड अर्थोप्लास्टी' गर्ने पहिलो चिकित्सक पनि हुनुहुन्छ। सन् २००५ मा उहाँले कम्प्युटरको माध्यमबाट घुँडाको सो उपचार गर्नुभएको थियो। उहाँले करिब एक हजार घुँडाको अर्थोप्लास्टी गर्नुभएको छ भने घुँडामात्र तीन हजार प्रत्यारोपण गर्नुभएको छ।

नेपालका पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको हिपको प्रत्यारोपण पनि उहाँले नै गर्नुभएको थियो। क्यान्सरका कारण हिपमा समस्या देखिएपछि पूर्वराष्ट्रपति भण्डारीको हिप प्रत्यारोपण गरिएको थियो।

डा शर्मा नेपालमा हाडजोर्नीसम्बन्धी उपचारका पनि सहयोगी हुनुहुन्छ। जोरपाटीस्थित अर्थोपेडिक अस्पतालका मेडिकल डाइरेक्टर डा कैलाश भण्डारीका अनुसार डा शर्माले सो अस्पताललाई समय समयमा सहयोग गर्दै आउनुभएको छ। सो अस्पतालका साथै नेपालका यस क्षेत्रका चिकित्सकहरुलाई उहाँले विकसित पछिल्लो प्रविधि र उपचार विधिबारे तालिम प्रदान गर्दै आउनुभएको छ। त्यसैले नेपाल सरकारले उहाँलाई केही वर्षअघि नेपालका सहयोगी एवं ख्यातिप्राप्त विदेशी नागरिकलाई प्रदान गरिने जनसेवाश्री पदकबाट सम्मान गरेको थियो।

विश्वका विभिन्न देशमा भिजिटिङ प्रोफेसरका रुपमा आफ्ना अनुभवहरु प्रस्तुत गर्दै आउनुभएका डा शर्मा नेपालमा शिक्षा र चेतनाको स्तर बढेको देख्नुहुन्छ। "धेरै वर्षदेखि म नेपाल आइरहेको छु। यहाँ शिक्षाको विकास उल्लेखनीय छ। नेपाली नागरिकमा बढ्दो शैक्षिक र चेतनाको स्तर प्रशंसनीय छ। यस कुराले मलाई खुसी लाग्छ। यो देश र यहाँका नागरिकको भविष्य राम्रो छ", उहाँ भन्नुहुन्छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सहकारीपीडितको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण

काठमाडौँ, १२ फागुन (रासस)।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले विकास निर्माणको क्षेत्रमा भएको विकृतिको नियन्त्रण, सहकारीपीडितको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समयमा बोल्दै सांसदहरुले सदनमा उठाइएका विषयवस्तुलाई तत्काल कार्यान्वयनमा ल्याउन सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद बिजुला रायमाझीले जनताका मागका सन्दर्भमा उठाइएका विषयलाई सम्बोधन गर्न माग गर्नुभयो । सांसद बिना लामाले मिटरब्याजपीडितको समस्या समाधान हुन नसकेको भन्दै उहाँले सरकारको ध्यानाकर्षण गर्नुभयो । उहाँले दुध किसानको माग सम्बोधन गरी उनीहरुले बिक्री गरेको दूधको पैसा भुक्तानी गर्नुपर्ने बताउनुभयो ।

सांसद विद्या भट्टराईले कास्कीका अधिकांश सहकारी समस्यामा परेको, सूर्यदर्शन सहकारीपीडितहरु सबैभन्दा बढी मारमा परेको भन्दै दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्नुभयो । "पोखरा महानगरमा तीन सय ६७ वटा सहकारी छन् । त्यसमध्ये १६ वटा सहकारी संस्थाको बचत जोखिममा रहेको छ । सहकारी क्षेत्र सुधार सुझाव कार्यदलले दिएको सुझाव कार्यान्वयन आवश्यक छ", उहाँले भन्नुभयो ।


सांसद विनिताकुमारी सिंहले मधेस प्रदेशमा साक्षरता दरमा सबैभन्दा पछाडि परेको, अनुगमनमा ध्यान नदिइएको, शिक्षामा लगानी कम भएकाले अपेक्षित प्रगति हुन नसकेको धारणा राख्नुभयो ।

सांसद विराजभक्त श्रेष्ठले श्रमजीवी पत्रकारले तोकिएको पारिश्रमिक पाउन नसकेको विषय सञ्चारमाध्यमदेखि सडकसम्म पुगेको उल्लेख गर्दै पत्रकार विषम परिस्थितिमा पुगेको बताउनुभयो । सांसद श्यामकुमार घिमिरेले कमला नदीका कारण सिन्धुलीलगायतका जिल्ला नराम्ररी प्रभावित भए पनि नदी नियन्त्रणका लागि यथेष्ट बजेट विनियोजन हुन नसक्दा काम हुन नसकेको बताउनुभयो ।

सांसद सन्तोष परियारले सामुदायिक शिक्षाको विकास र विस्तारका लागि महत्वपूर्ण मानिएको भक्तपुरको ख्वप कलेजलाई विश्वविद्यालय बनाउने विधेयक ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद हितराज पाण्डेले संसद् बैठकको प्रत्यक्ष प्रसारण हुने भएकाले जनताले सांसदको भूमिका, जिम्मेवारी स्पष्टसँग देखेको उल्लेख गर्दै उत्तरी गोरखाको विकास निर्माणबारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले पूर्वी नेपालमा किसानलाई बाँदरले ठूलो दुःख दिएकाले समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसदहरु शान्ति विक, शिव नेपाली, शिशिर खनाल, शोभा ज्ञवाली, सन्तोष चालिसे, सराज अहमद फारुकी, सरिता भुसाल, स्वर्णीम वाग्ले, शान्ति चौधरी, सीताकुमारी राना, सीता मिजार, सुनिता बराल, सुमना श्रेष्ठ, सुशीला श्रेष्ठ, सूर्यकुमारी श्रेष्ठ, सूर्यमान दोङ, हितबहादुर तामाङ, हेमराज राई, हृदयराम थानी, ज्ञानु बस्नेत सुवेदीले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।



नेपाल सरकार
कृषि भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भुमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं : ६५०
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मितिः २०८०।११।११

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

[illegible] को दर्ता रहेको साबिक [illegible] मौजा रैन [illegible] हाल तपसिल बमोजिम नापी भएको जग्गा [illegible] गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. राजविराज वार्ड नं. ४ बस्ने श्री [illegible] को द न. [illegible] मिति २०८०।६।२० मा निवेदन परी ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८०।११।११ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम [illegible] गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | ९ | १३४ | ०-१६-४½ | [illegible] | [illegible] |

नोट :- [illegible]

नायब सुब्बा


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

# विश्व समाचार

## इजरायलद्वारा युद्धविराम वार्तामा आगामी कदमबारे छलफल

जेरुसेलम, १३ फागुन (रासस/एएफपी)।

इजरायलको युद्ध क्याबिनेटले हमाससँगको युद्धमा बन्धक सम्झौता र युद्धविरामका लागि वार्ताका लागि आगामी कदमबारे छलफल गरेको छ ।

बन्धक सम्झौताबारे नयाँ वार्ताका लागि पेरिस पुगेको इजरायली प्रतिनिधिमण्डल शनिबार राति देशको युद्ध क्याबिनेटलाई छलफलका क्रममा उठेका सवाल जवाफबारे जानकारी गराउन फर्किएको सरकारी तथा स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

राष्ट्रिय सुरक्षा सल्लाहकार जाची हानेग्बीले बैठकअघि टेलिभिजनमा दिएको अन्तर्वार्तामा 'प्रतिनिधिमण्डल पेरिसबाट फर्केको र सम्भवतः सहमतितर्फ अघि बढ्ने ठाउँ रहेको' बताउनुभएको थियो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बैठकमा 'वार्तामा आगामी कदम' बारे छलफल हुने बताउनुभएको छ ।

वार्तालाई निरन्तरता दिन आगामी दिनमा कतारमा प्रतिनिधिमण्डल पठाउने सहमति भएपछि बैठक सम्पन्न भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

गत नोभेम्बरमा भएको एक साता लामो युद्धविराममा १०० भन्दा बढी बन्धकलाई मुक्त गरिएजस्तै कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले पनि सम्झौताका लागि प्रयासको नेतृत्व गरिरहेका छन् ।

बन्दीहरूलाई घर फर्काउन सरकारमाथि घरेलु दबाब पनि निरन्तर बढिरहेको छ, शनिबार राति तेल अभिभमा हजारौंको सङ्ख्यामा भेला भएका बन्धक तथा अन्य बन्दीहरूका आफन्तले छिटो निष्कषमा पुग्न माग गरेका छछन् ।

"हामी हाम्रा प्यारा आफन्तजनहरूलाई जस्तोसुकै अवस्थामा होस् छिट्टै हामीकहाँ फिर्ता ल्याउन तपाईंहरूसँग भनिरहेका छौं," ४५ वर्षीय अविवित याब्लोन्काले भन्नुभयो । याब्लोन्काकी बहिनी हनानलाई अक्टोबर ७ मा अपहरण गरिएको थियो ।

तेल अभिवमा पनि सरकार विरोधी प्रदर्शनकारीहरू सडकमा उत्रिएका थिए र नेतन्याहूको सरकारलाई राजीनामा दिन माग गरेका थिए । अधिकारीहरूले उनीहरूलाई तितरबितर पार्न पानीको फोहोरा र ठूलो सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गर्नुपरेको थियो ।

"उनीहरू (सरकारी अधिकारी)ले हाम्रो लागि सही बाटो रोजेका छैनन् । चाहे त्यो अर्थव्यवस्था होस्, चाहे हाम्रा छिमेकीहरूसँगको शान्ति होस्," ५४ वर्षीय सफ्टवेयर कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोती कुश्नरले सरकारका बारेमा आलोचना गर्दै भन्नुभयो ।

उहाँले थप्नुभयो, "यस्तो देखिन्छ कि उनीहरू कहिल्यै पनि युद्ध अन्त्य गर्न चाहँदैनन् ।"

घेराबन्दीमा परेको गाजा पट्टीमा चार महिनाभन्दा बढी समयदेखि खाद्यान्न अभाव भएपछि विश्व खाद्य कार्यक्रमले यसै साता आफ्नो टोलीले 'अकल्पनीय स्तरको निराशा' देखाएको बताएको छ भने संयुक्त राष्ट्रसङ्घले २२ लाख मानिस अनिकालको सङ्घारमा पुगेको चेतावनी दिएको छ ।

उत्तरी गाजाको जबालिया शरणार्थी शिविरमा बालबालिकाले प्लास्टिकका भाँडाकुँडाहरू र खाना पकाउने भाँडाहरू समातेर राखेका दयनीय तस्वीरहरू सामाजिक सञ्जाल र सञ्चारमाध्यमहरूमा भाइरल बनेका छन् ।

बम विस्फोटका कारण सहायता एजेन्सीहरू त्यस क्षेत्रमा प्रवेश गर्न असमर्थ भएका कारण आपूर्ति सेवाहरू अवरूद्धजस्तै भइरहेका छन् । भोक तीर्खा मेट्नकै लागि चोरी र डकैतीका घटनाहरू बढेका छन् । सीमित मात्रामा सहायता लिई गाजा क्षेत्रमा प्रवेश गरेका ट्रक र कन्टेनरहरूले भोकभोकै परेका गाजावासीको उन्मादी लुटपाटको सामना गरिरहेका छन् ।

## श्रीलङ्काद्वारा रुसी र युक्रेनीलाई दीर्घलानीन भिसा खारेज

कोलम्बो, १३ फागुन (रासस/एएफपी)।

मस्कोले युक्रेनमा आक्रमण गरेपछि श्रीलङ्काले आफ्नो टापुमा बस्ने नीतिको उपयोग गर्ने हजारौं रुसी र युक्रेनीका लागि दीर्घकालीन पर्यटक भिसा विस्तार समाप्त गरेको आइतबार बताएको छ ।

"सरकारले भिसाको थप म्याद दिइरहेको छैन", प्रस्थानका लागि मार्च ७ को समय सीमा दिँदै अध्यागमन आयुक्त हर्ष इलुकपिटियाले भन्नुभयो, "उडानको अवस्था अब सामान्य भएको छ र उनीहरूलाई फर्कन कुनै कठिनाइ छैन ।"

आधिकारिक आँकडाअनुसार पछिल्लो दुई वर्षमा दुई लाख ८८ हजारभन्दा धेरै रुसी र करिब २० हजार युक्रेनीले श्रीलङ्काको भ्रमण गरेका थिए । कति मानिस सामान्य ३० दिने पर्यटक भिसाभन्दा बढी समयसम्म बसे भन्ने स्पष्ट छैन ।

यद्यपि हजारौं रुसी र कम सङ्ख्यामा युक्रेनीहरू सेनामा सम्भावित भर्तीबाट बच्नका लागि श्रीलङ्कामा बसेको विश्वास गरिएको छ । श्रीलङ्का बसेका केहीले रेस्टुरेन्ट सुरु गरेका छन् भने केहीले रात्रिकालीन क्लबहरू स्थापना गरेका छन् ।

दक्षिणी तटीय सहर उनावटुनामा 'श्वेत मानिस मात्र'को पार्टी आयोजना गर्ने एक रुसी-सञ्चालित रात्रिकालीन क्लबविरुद्ध सामाजिक सञ्जालमा उग्र प्रतिक्रिया आएपछि सरकारको उक्त निर्णय आएको हो ।

मुलुकलाई सन् २०२२ को मध्यदेखि आफ्नो सबैभन्दा खराब आर्थिक सङ्कटबाट बाहिर निस्कन विदेशी मुद्राको सख्त आवश्यक भएपछि श्रीलङ्काले आगमनमा ३० दिने भिसा दिएर पर्यटनलाई प्रवर्द्धन गर्न खोज्यो ।

सन् २०२२ अप्रिलमा श्रीलङ्काले उसको ४६ अर्ब डलरको विदेशी ऋण भुक्तानी गर्न सकेन र महिनौंसम्म सडकमा विरोध प्रदर्शनका कारण तीन महिनापछि तत्कालीन राष्ट्रपति गोटबाया राजपक्षेले राजीनामा दिनुपर्‍यो ।

अन्तर्राष्ट्रिय मुद्राकोषको दुई अर्ब ९० करोड डलरको सहायताले अर्थतन्त्रलाई स्थिर बनाउन र खाना, इन्धन र औषधिजस्ता आवश्यक सामानको कमीलाई अन्त्य गर्न सहयोग गरेको थियो ।

